नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
# व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र
पुल्चोक, ललितपुर

## चीनको बेईजिङमा संचालन हुने बेईजिङ एक्स्पो २०१९ मा नेपालको तर्फबाट आधिकारीक आयोजक संस्था भई काम गर्न इच्छुक राष्ट्रिय कम्पनी/फर्म तथा संघ सस्थाबाट गोप्य सिलबन्दी प्रस्ताव आव्हान
**(दोश्रो पटक सूचना प्रकाशित मिति २०७५।५।२३)**

सन् २०१९ अप्रिल २९ देखि अक्टुबर ७ सम्म चीनको बेइजिङमा संचालन हुन गईरहेको International Horticulture Exhibition 2019 (बेइजिङ एक्स्पो २०१९) मा नेपालको तर्फबाट आधिकारीक आयोजक सस्था भई काम गर्न इच्छुक राष्ट्रिय कम्पनी/फर्म तथा संघ सस्थाहरुलाई मिति २०७५।५।३१ भित्र संस्था दर्ता, स्थायी लेखा नम्बर (PAN) दर्ता, मू.अ.क दर्ता तथा आ.व २०७३।७४ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु सहित रितपूर्वक लाहाछाप मारी दस्तखत गरेको गोप्य सिलबन्दी प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| प्रस्ताव फारम वापतको रकम | जमानत रकम | न्यूनतम रोयल्टी रकम | प्रस्ताव फारम खरिद गर्ने अन्तिम मिति र समय | प्रस्ताव पेश गर्ने अन्तिम मिति र समय | प्रस्ताव खोल्ने मिति र समय |
|---|---|---|---|---|---|
| रु.१०००।- | रु.५०,०००।- | १०,००,०००।- | २०७५।५।२९ गते कार्यालय समय | २०७५।५।३१ गते दिनको १२ बजे | २०७५।५।३१ गते दिनको २ बजे |

प्रस्ताव सम्बन्धी विस्तृत शर्तहरु केन्द्रको वेवसाइट www.tepc.gov.np वा केन्द्रको सूचना पाटीमा हेर्नहुन अनुरोध छ ।

नेपाल सरकार

उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय

**ब्यापार तथा निकासी प्रवर्द्धन केन्द्र**

पूल्चोक, ललितपूर

चीनको बेइजिङ्गमा संचालन हुने बेइजिङ्ग एक्स्पो २०१९ मा नेपालको तर्फबाट आधिकारिक आयोजक संस्था भई काम गर्न इच्छुक राष्ट्रिय कम्पनी/फर्म तथा संघ संस्थाबाट गोप्य सिलबन्दी प्रस्ताव आव्हान

**(दोश्रो पटक सूचना प्रकाशित मिति २०७५-५-२३)**

सन् २०१९ अप्रिल २९ देखि अक्टोबर ७ सम्म चीनको बेइजिङ्गमा संचालन हुन गइरहेको International Horticultural Exhibition 2019 (बेइजिङ्ग एक्स्पो २०१९) मा नेपालको तर्फबाट आधिकारिक आयोजक संस्था भई काम गर्न इच्छुक राष्ट्रिय कम्पनी/फर्म तथा संघ संस्थाहरु लाई मिति २०७५-५-३१ भित्र संस्था दर्ता, स्थायी लेखा नं. (PAN) दर्ता, मू.अ.क. दर्ता तथा आ.व. २०७३/७४ सम्मको कर चूक्ता प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिहरु सहित तपसिलमा उल्लेखित शर्तहरु अनुसार रितपूर्वक लाहाछाप मारी दस्तखत गरेको गोप्य सिलबन्दी प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१. प्रस्ताव फारम (Terms of Reference तथा Technical and Financial Proposal Forms) शुल्क रु. १,००० (एक हजार मात्र) बुझाई यस केन्द्रबाट मिति २०७५-५-२९ सम्म कार्यालय समय भित्र खरीद गर्न सकिनेछ ।

२. इच्छुक राष्ट्रियकम्पनी/फर्म तथा संघ संस्थाहरुले प्रस्तावमा उल्लेख भए बमोजिम आधिकारिक व्यक्तिले सहिछाप गरी संस्थाको छाप लगाइएको प्राविधिक र आर्थिक प्रस्ताव अलग अलग खाममा राखी सिलबन्दी गरी प्रत्येक खामको बाहिर कुन प्रकारको प्रस्ताव हो सो स्पष्ट रुपले उल्लेख गरी दुवै प्रस्तावलाई छुट्टै खामबन्दी गरी **बेइजिङ्ग एक्स्पो २०१९** भनी उल्लेख गर्नु पर्नेछ । सहभागिताका लागि न्यूनतम रोयल्टी रकम रु. १०,००,०००/-(दश लाख मात्र) तोकिएको हुँदा सोहि आधारमा आफुले कबोल गरेको रोयल्टी रकम आर्थिक प्रस्तावमा खुलाई उल्लेख भए बमोजिम छुट्टै सिलबन्दी खाममा पेश गर्नु पर्नेछ ।

३. यस खरीद कार्य अन्तर्गत करार संझौता भए पश्चात् फिर्ता हुने गरी जमानतका रुपमा रु. ५०,००० ( पचास् हजार मात्र) को बैंक भौचर वा सो रकम बराबरको क बर्गको बैंक ग्यारण्टी (प्रस्ताव पेश गर्ने अन्तिम मिति पश्चात् १२० दिनको मान्यअवधिभएको) प्रस्ताव सम्वन्धी कागजातमा उल्लेख भए बमोजिम प्राविधिक प्रस्ताव साथ पेश गर्नु पर्नेछ ।

४. पेश भएका प्रस्तावहरुको मूल्यांकन प्रस्ताव फारममा उल्लेख भए बमोजिम गरिनेछ ।

५. प्रस्ताव पेश गर्ने अन्तिम मिति २०७५-५-३१ दिउँसो १२:०० बजे सम्महुनेछ । रितपूर्वक पेश भएका प्राविधिक प्रस्तावहरु सोहि दिनको दिउँसो २:०० बजे उपस्थित प्रतिनिधिहरुको रोहबरमा (प्रतिनिधिहरु उपस्थित नभएपनि) खोलिनेछ ।

६. प्रस्तावहरुको मान्य अवधि प्रस्ताव पेश गर्ने अन्तिम मिति पश्चात् ९० दिनको हुनेछ ।

७. प्रस्ताव दाखिला गर्ने अन्तिम मितिमा सार्वजनिक बिदा परे भोलीपल्ट वा कार्यालय खुलेको दिन प्रस्ताव पेश गर्ने अन्तिम मिति हुनेछ । सो बमोजिम प्रस्ताव पेश गर्ने अन्तिम समय दिउँसो १२:०० बजे सम्म तथा प्राविधिक प्रस्तावहरु खोलिने समय सोही दिनको दिउँसो २:०० बजे हुनेछ ।

८. अन्य प्रावधानहरु दरखास्त फारममा उल्लेख भए बमोजिम हुनेछन् ।

९. रित नपुगी वा म्याद नाघी वा पूर्व शर्त राखी प्राप्त हुन आएको प्रस्ताव माथि कुनै कारबाही गरिने छैन ।

१०. यो सूचनामा उल्लेख हुन छुट भएका विषयहरु प्रचलित ऐन तथा नियम बमोजिम हुनेछ ।

११. कुनै कारण जनाई वा नजनाई प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार केन्द्रमा निहित रहनेछ ।